**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २९ गते आइतबार ❑ 13 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सबै राजनीतिक दलको सहकार्यमा संविधान संशोधन गर्नुपर्ने

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले सबै राजनीतिक दलको सहकार्यमा संविधान संशोधन गर्नुपर्ने बताउनुभएको छ।



नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा शनिबार पोखरामा आयोजित छलफलमा उहाँले संविधान संशोधन गर्न प्रतिपक्षी दलहरूलाई पनि साथै लिएर जानुको विकल्प नरहेको बताउनुभयो।

नेता सिटौलाले भन्नुभयो, "संविधान संशोधनमार्फत नेपाली जनताका चाहना पूरा गर्नुपर्छ । त्यसको जिम्मेवारी कांग्रेसले लिनुपर्नेछ।

संविधान संशोधनका लागि तराईदेखि हिमालसम्मका सबै जातजातिलाई सँगै लिएर अगाडि बढ्न जरुरी छ।"

विसं २०४६ पछि देशमा भएका विकास-निर्माणका कामको प्रचारप्रसार गर्न नसक्दा प्रजातान्त्रिक शक्तिहरू पछाडि परेका बताउँदै उहाँले भन्नुभयो, "प्रजातान्त्रिक शासन व्यवस्था स्थापना भएपछि सडक, शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्रमा उल्लेखनीय विकास भएको छ। नेपाली कांग्रेसको नेतृत्वमा भएका विकास-निर्माणका कामबारे जनतालाई बझाउन जरुरी छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरु बरालले पार्टीलाई एकताबद्ध गर्नुपर्नेमा जोड दिनुभयो। त्यस अवसरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराई, शारदा पौडेल, देवराज चालिसेले पार्टीको सुदृढीकरण अहिलेको आवश्यकता भएको बताउनुभयो।

## छोरेपाटन माविका अध्यक्षलाई कालोमोसो दल्ने योजनाकारको आरोपमा सुजन पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

पोखराको छोरेपाटन माविका अध्यक्ष बद्रीनाथ पहारी माथि कालोमोसो दल्ने योजनाकारको आरोपमा सुजन विक पक्राउ पर्नु भएको छ।

कालोमोसो दलिएको घटनामा संलग्न भएको आरोपमा नेकपा बहुमत निकट युवा संगठनका केन्द्रीय अध्यक्ष विकलाई पक्राउ गरिएको कास्की प्रहरीले जनाएको छ। शुक्रबार सार्वजनिक रूपमा घटेको उक्त घटनापछि जिल्ला प्रहरी कार्यालय कास्कीले तत्काल अनुसन्धान अघि बढाउँदै शुक्रबार राति नै विकलाई नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार विक नै कालोमोसो दल्ने योजनाका मुख्य योजनाकार भएको बताइन्छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी श्यामबाबु ओलियाले अभद्र व्यवहार मुद्दा अन्तर्गत विकलाई पक्राउ गरिएको पुष्टि गर्दै बाँकी दुई अभियुक्तलाई समेत खोजी भइरहेको जानकारी दिए। "मुख्य योजनाकार विककै संलग्नतामा घटना घटेको प्रारम्भिक अनुसन्धानले देखाएको छ," उनले भने। कालोमोसो दल्ने विद्यार्थीहरू नेकपा बहुमत निकटको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) संग आबद्ध थिए । संगठनले विज्ञप्ति जारी गर्दै घटनाको जिम्मेवारी लिँदै अध्यक्ष पहारीको राजीनामा र कारबाहीको माग समेत सार्वजनिक रूपमा राखेको थियो । कालोमोसो प्रकरणको जड पाताले छाँगो (डेभिज फल्स) को व्यवस्थापन विवाद रहेको हो । २०३५ सालदेखि छोरेपाटन माविले भोगचलन गर्दै आएको यस पर्यटकीय गन्तव्यलाई पोखरा महानगरपालिकाले निजी कम्पनीलाई ४० वर्षका लागि दिने तयारी गरेको थियो । विद्यालयको तर्फबाट यस कदमको खुलेर विरोध हुँदै आएको छ। हालै विद्यालयले पाताले छाँगोको गेटमै तालाबन्दी गर्दै प्रतिवाद जनायो। स्थानीय तहमा राजनीतिक र सामाजिक रूपमा मुद्दा चुलिँदै गएको बेला विद्यार्थी संगठनको कालोमोसो शैलीको प्रदर्शन देखिएको हो।

महालेखा परीक्षकको कार्यालयले समेत विद्यालयद्वारा उठाइएको रकमलाई बेरुजुका रूपमा औँल्याउँदै महानगरले स्वामित्व लिनुपर्ने सुझाव दिँदै आएको थियो। सोही सन्दर्भमा महानगरले सिसाको पुल निर्माण लगायत योजना सहित निजीकरणको तयारी थाले पछि विवाद झन् चर्किएको हो।

## बेगनासताललाई पर्यटकीय रूपमा उपयोग गर्नुपर्छः मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बेगनासा ताललाई पर्यटकीय रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ।

पोखरा महानगरपालिका-३१ अन्तर्गत बेगनासताल परिसरमा निर्मित वराह क्षेत्र, वराहथान, पञ्चायन देवता, लक्ष्मी नारायण मन्दिरको प्राण प्रतिष्ठान एवं उद्घाटन गर्दै उहाँले बेगनास ताललाई सौन्दर्य कुञ्जका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । स्थानीय जनचाहनाअनुसार धार्मिक र पर्यटकीय दृष्टिकोणले यस क्षेत्रको विकास गर्न सकिने बताउँदै उहाँले यसबाट आर्थिक आयआर्जन र पर्यटकको बसाइ लम्ब्याउन मद्दत गर्ने बताउनुभयो। तालको संरक्षण, अतिक्रमणको रोकथाम तथा गुरुयोजनाअनुसार विकास गर्न उहाँले स्थानीयलाई आग्रह गर्नुभयो।

पोखरालाई 'पर्यटकीय हब' बनाउने अभियानमा बेगनास तालको विशेष भूमिका रहेको उल्लेख गर्दै उहाँले ताल क्षेत्रका व्यवसायहरू आधुनिकीकरणतर्फ उन्मुख हुनुपर्ने धारणा राख्नुभयो।

गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा इन्द्रप्रसाद तिवारीले बेगनास ताल क्षेत्रलाई 'ज्ञानको भूमि'का रूपमा विकास गर्न सकिने बताउनुभयो। धार्मिक ग्रन्थअनुसार ऋषिमुनि च्यवनले यहीँ योग तथा साधना गरेको उल्लेख गर्दै उहाँले यहाँको धार्मिक र पर्यटकीय प्रवर्द्धनको सम्भावना औँल्याउनुभयो।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले वराह क्षेत्रको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व उल्लेख गर्दै यस क्षेत्रको विकासले समग्र गण्डकी प्रदेशको समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति तथा वडा नं ३१ का अध्यक्ष ढकनाथ कँडेलले आजदेखि सर्वसाधारणका लागि वराह क्षेत्र खुला गरिएको जानकारी दिनुभयो। वराह क्षेत्रलाई संस्कृति, प्रकृति र प्रविधिसँग जोडेर पर्यटनको प्रमुख गन्तव्य बनाउन उहाँले आग्रह गर्नुभयो । तत्कालीन लेखनाथ नगरपालिकाले तयार गरेको विस्तृत आयोजना प्रतिवेदनअनुसार काम अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा वडा नं २६ का अध्यक्ष नरेन्द्र थापा, नेपाल सरकारका उपसचिव वसन्तराज तिवारी, लेखनाथ उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष छत्रधर आत्रेय, धार्मिक व्यक्तित्व ध्रुवनाथ अधिकारी, निर्माण समितिका निवर्तमान अध्यक्ष सुरेन्द्रराज सापकोटा र सचिव श्रीराम कँडेललगायतले बेगनास तालको पर्यटकीय महत्वलाई उजागर गर्न नवनिर्मित वराह मन्दिरसहितका पूर्वाधार महत्त्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो।

## पुतलीबजारको पुँजीगत ८० र चालु ८७ प्रतिशत खर्च

पोखरापत्र संवाददाता
स्याङ्जा, २८ असार

स्याङ्जाको पुतलीबजार नगरपालिकाले पुँजीगत बजेट झण्डै ८० प्रतिशत खर्च गरेको छ। आर्थिक वर्ष २०८१/०८२ को वित्तीय प्रगति सार्वजनिक गर्दै नगरपालिकाले ७९ दशमलव २ ९ प्रतिशत पुँजीगत बजेट खर्च गरेको हो।

नगरपालिकाले पुँजीगत शिर्षकमा विनियोजन गरेको ७४ करोड ९६ लाख ९१ हजारको झण्डै ८० प्रतिशत अर्थात ५९ करोड ४३ लाख ९८ हजार ५ सय १८ रुपैयाँ खर्च भएको नगरपालिकाले सार्वजनिक गरेको वित्तीय प्रगतिमा जनाएको छ।

नगरपालिकाद्धारा चालु शिर्षकमा विनियोजित ५९ करोड ६३ लाख ६५ हजार ४ सय १५ रुपैयाँको ८६ दशमलब ७३ प्रतिशतले हुन आउने ५१ करोड ७२ लाख ५७ हजार ४ सय २७ रुपैयाँ खर्च गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गानाले बताए।

पुतलीबजारको समग्रमा वित्तीय प्रगति भने ८२ दशमलब ५८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाको कुल बजेट १ अर्ब ३४ करोड ६० लाख ५६ हजार ४ सय १५ रुपैयाँ मध्ये १ अर्ब ११ करोड १६ लाख ५५ हजार ९ सय ४६ रुपैयाँ खर्च गरेको सार्वजनिक वित्तीय प्रगतिमा उल्लेख छ।

## भद्रकाली बहुमुखी क्याम्पसमा छात्रवृत्ति वितरण

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसले शुक्रवार छात्रवृत्ति वितरण गरेको छ।



क्याम्पसले सिफारिस गरेका गरिव, जेहेन्दार छात्रवृत्ति, भिन्न क्षमता छात्रवृत्ति र आवश्यकता आधारितमा १७ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको हो । सोही कार्यक्रममा भद्रकाली बहुमुखी क्याम्पसका संस्थापक सिनेटर खिमलाल पराजुलीले आफ्ना मातापिता स्व.अम्बिका पराजुली र भुवानीप्रसाद पराजुलीको स्मृतिमा स्थापना गरिएको "अम्बिका-भुवानी स्मृति छात्रवृत्ति अक्षयकोष" वाट छ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरियो । त्यसैगरी क्याम्पसका सिनेटर केशबहादुर बि.क.ले आफ्नी प्रेरणामयी माता स्व.पवित्रकुमारी बि.क.को स्मृतिमा स्थापना गरेका "पवित्राकुमारी बि.क. स्मृति छात्रवृत्ति अक्षयकोष" वाट चार जना विद्यार्थी र कोन सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो सामाजिक उत्तरदायित्वको गहन बोध गर्दै स्थापित "कोन जेहेन्दार छात्रवृत्ति" वाट दुई जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ । सो भव्य कार्यक्रममा यू जि सी वाट छात्रवृत्ति प्राप्त गर्न सफल तीन जना विद्यार्थीहरुलाई पनि सम्मान गरियो। छात्रवृत्ति वितरणमय भएको भव्य र सभ्य कार्यक्रममा समाजसेवी, शिक्षासेवी मनका धनी तथा यसै क्याम्पसका संस्थापक क्याम्पस प्रमुख घनश्याम रिजालले आफ्ना हजुरबा हजुरआमाको स्मृतिमा "बिनिमाधब-अप्सरा रिजाल स्मृति छात्रवृत्ति अक्षय कोष" र विकासप्रेमी तथा हरेकको समस्यामा मलाम लगाउदै हिड्ने कोन सामुदायिक वचत तथा ऋण सहकारी संस्था लिमिटेडका उपाध्यक्ष शान्तकुमार श्रेस्ठले आफ्नी ममतामयी माता रुक्मणी श्रेष्ठको स्मृतिमा "रुक्मणी स्मृति छात्रवृत्ति अक्षय कोष" स्थापना गर्ने घोषणा गरे। भद्रकाली क्याम्पस संचालक समितिका अध्यक्ष तथा समाजमा हरेकको रोधनमा मलाम लगाउने माधवप्रसाद सिग्देलले कार्यक्रमको उद्घाटन गर्दै अक्षय कोष स्थापना गर्ने व्यक्ति तथा संस्थालाई हृदयदेखी धन्यवाद दिँदै अक्षयकोषले विद्यार्थीहरुलाई अध्ययन गर्ने सहज वनाएको भने।

भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नवराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा अक्षयकोषदात द्धय खिमलाल पराजुली, केशवहादुर बिक र बिबिएस तेस्रो वर्षमा अध्ययनरत छात्रा सुधा परियार लगायत वोलेका कार्यक्रममा क्याम्पसका सहायक क्याम्पस प्रमुख तथा छात्रवृति छनौट समितिका संयोजक नारायण प्रसाद सापकोटाले साहित्यमय लयमा संचालन गरेको कार्यक्रममा उपस्थित सबैलाई मन्त्रमुग्ध पारेको थियो।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

 का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८० 

# क्लबस्तरीय भलिबल: आधिखोला र पोखरा भेट्रान्सलाई उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

पोखराको नदिपुरमा सम्पन्न भएको क्लबस्तरीय पुरुष तथा भेट्रान्स भलिबल प्रतियोगिताको क्लबतस्तरीयतर्फ आधिखोला न्यु दिल्ली र भेट्रान्सतर्फको उपाधि पोखरा भेट्रान्सले जितेको छ।

लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा आयोजित तेस्रो संस्करणको क्लबस्तरीयतर्फ आधिखोला न्यु दिल्लीले घान्द्रुक क्रोम्छे युवा समितिलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि चुमेको हो । आधिखोलाले पहिलो सेट २५-१७ ले जितेपनि प्रतिस्पर्धात्मक बनेको दोस्रो सेट २७-२५ र तेस्रो सेट २५-२२ ले जित्दै तेस्रो संस्करणको उपाधि चुम्न सफल भयो । उपाधि जितेको आधिखोलाले १ लाख २५ हजार र उपविजेता भएको घान्द्रुकले ७५ हजारसहित



मेडल, प्रमाणपत्र र ट्रफि प्राप्त गर्‍यो । यस्तै भेट्रान्सतर्फ पोखरा भेट्रान्सले युनाइटेड किङ्स पोखरा भेट्रान्सलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो। पोखराले युनाइटेडलाई २५-१६, २५-१४ र २५-१६ ले जित्यो । उपाधि जितेको पोखराले ५० हजार र उपविजेता भएको युनाइटेड किङ्सले २५ हजारसहित ट्रफी, मेडल, प्रमाणपत्र प्राप्त गर्‍यो।

यस्तै क्लबस्तरीयतर्फ एपिएफ पोखराले ढुङ्गेदेउराली स्याङ्जालाई ३-० को सोझो सेटमा पराजित गर्दै तेस्रो स्थान हासिल गर्न सफल भयो । एपिएफले ढुङ्गेदेउरालीलाई २५-१२, २५-१८ र २५-१९ ले जित्दै प्रतियोगितामा तेस्रो भयो। प्रतियोगितामा तेस्रो भएको एपिएफले ३० हजार र सान्त्वना भएको ढुङ्गेदेउरालीले १५ हजार रुपैयाँ प्राप्त गर्‍यो ।

यस्तै प्रतियोगिताको विधागतर्फ उत्कृष्ट खेलाडी सञ्जु विक्रम शाह, स्पाइकर उमेश सेञ्चुरी, मिडल ब्लकर सुगम सुनार, डिफेन्डर राजन दलामीं, सेटर विवश आले, सर्भर मिलन राना, उदियमान खेलाडी ढुङ्गेदेउरालीका सुप्रिम भुजेल र प्रशिक्षक विक्रम कार्की घोषित हुँदै ट्रफी प्राप्त गरे। भेट्रान्सतर्फको उत्कृष्ट खेलाडी समेश केसीले ट्रफी प्राप्त गरे। असार २४ देखि सुरुभएको प्रतियोगिता शनिबार सम्पन्न भएको हो। प्रतियोगितामा क्लबस्तरीयतर्फ ५ र भेट्रान्सतर्फ १० टिमको सहभागिता रहेको थियो। सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल फाउण्डेशनले २०७५ र ०७६ सालमा पहिलो र दोस्रो संस्करणको प्रतियोगिता सञ्चालन गरेको थियो।

# परिवर्तन युवा क्लबको अध्यक्षमा सुदिप बराल चयन

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

पोखरा-२२ मा क्रियाशील परिवर्तन युवा क्लबको नवौं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनले सुदिप बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

पोखरा २२ (पुम्दी भुम्दी) मा शनिबार सम्पन्न भएको उक्त अधिवेशनले उपाध्यक्षमा सरस्वती बराल, सचिवमा दक्षिणा बराल, कोषाध्यक्षमा श्रद्धा, वरिष्ठ सदस्यः दिपेन्द्र बरालर अन्य सदस्यहरुमा सदस्यहरूमा कमल पौडेल, तुलसी अधिकारी, प्रेरणा ढकाल र अभिषेक बराल चयन हुनु भएको हो।

अध्यक्ष कमल बरालको नेतृत्वमा क्लबले अघिल्ला वर्षहरूमा विभिन्न सामाजिक, शैक्षिक तथा युवामुखी




कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा २२ का वडा सदस्य सञ्जीव गुरुङ रहेका थिए। कार्यक्रममा नेकपा एमाले-२२ का अध्यक्ष राजेन्द्र बराल, नेकपा माओवादी केन्द्र-२२ का उपाध्यक्ष सनत कुमार बराल, नेकपा समाजवादीका सचिव तथा वडा युवा परिषद्-२२ का अध्यक्ष दिनेश बराल, सिर्जनशील आमा समूहकी अध्यक्ष समुद्र बस्नेत केसी लगायत स्थानीय समाजसेवी र युवाहरूको उपस्थिति रहेको थियो । वक्ताहरूले नवगठित कार्यसमितिलाई शुभकामना दिँदै सामाजिक रूपान्तरणमा क्लबको भूमिका अझ प्रभावकारी हुने विश्वास व्यक्त गरे। क्लवले यस बर्ष पनि खेलकुद सहित सामाजिक कार्य गर्ने भएको अध्यक्ष बरालले जनाए।

# रेडियो अन्नपूर्ण "सम्झनामा आदिकवि" विशेष कविता वाचन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आफ्नो स्थापनाको २५ औं वर्ष प्रवेशको सन्दर्भ तथा २१२ औं भानु जयन्तीको अवसरमा शनिबार पोखरामा "सम्झनामा आदिकवि" विशेष कविता वाचन सम्पन्न गरेको छ।

कार्यक्रममा ९ जना कविले पद्य तथा गद्यमा कविता प्रस्तुत गरे। कवि संयोग बस्यालले बाँचिन्छ आरामले र करुणा प्रस्तुत गरे। कवि सुरेश रानाभाटले माटोको वासना तथा लालुपाते शीर्षकको कविता सुनाए। यस्तै केआर ढकालले पर्ख र सस्तो पसल, सञ्जिव पौडेलले विज्ञप्ति मुर्दावाद र जानेहरू, रमा खतिवडाले भानुभक्त र असारे झ्याउरे कविता सुनाइन्।

कवि रुपिन्द्र प्रभावी जोशीले प्रतिविम्ब र सास्ती कविता सुनाए। कवि निकेश गिरीले भानुको आत्म सम्मान र फौजी ढलेपछि शीर्षकको कविता प्रस्तुत गरे। कवि सरस्वती श्रेष्ठ सरूले सम्झनामा भानुभक्त र सुखको खोजीमा, डा.जगन्नाथ रेग्मीले म मूर्ख र मदियम नगरम अर्थात मेरो नगर शीर्षकको कविता वाचन गरे । प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति सूर्य खड्




का बिखर्चीले भानुप्रति समर्पित कविता कविता सुनाउँदै नेपाली साहित्य, संस्कृति, संस्कार र धर्मको रक्षाका लागि सबै लाग्नु पर्नेमा जोड दिए। विशेष अतिथि प्राज्ञ, विम्बकवि रमेश श्रेष्ठले एक दशक बढी रेडियोमा कविताको देश कार्यक्रम सञ्चालन गरेको स्मरण गरे । सो अवसरमा श्रेष्ठले कविता जन्माउनका लागि कविमा प्रगतिशील बिचार हुनुपर्ने नत्र कवि बन्न नसकिने जिकिर गरे । प्रगतिशीलताले लेखनमा नयाँ नयाँ कविताहरू लेख्न हुटहुटी जगाईरहन्छ, उनले भने, सुन्दर कविताको सर्जक ईश्वर भएको र भ्रमहरू यसबाट टाढा रहेको बताए। कार्यक्रममा पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले हाम्रा पूर्वजहरूमै उद्यमशीलताको सोंच लेखनको कला भएको भानुका कविता वा उहाँमाथिका लेखनहरूबाट प्रस्ट भएको बताए । उनले साहित्यले उद्यमशीलताको विकासका लागि अभिप्रेरित गरेकोमा खुसी व्यक्त गरे । कार्यक्रममा भानु वाङ्मय प्रतिष्ठानका सचिव तथा साहित्यकार अम्बिकाप्रसाद भट्टराईले तनहुँको चुँदी रम्घामा १८७१ असार २९ मा जन्मेका र १९२५ मा धर्ती छोडेर गएका भानुको कवित्वका विविध पक्षहरुको चर्चा गरे । भानुले राष्ट्रिय एकता र भाषिक एकताको रुपमा काम गरेकोले उनलाई भाषिक एकताको प्रतिकको रुपमा लिईएको बताए । अहिले ४ कक्षादेखि विद्यावारिधिसम्मका विद्यार्थीका लागि भानु अध्ययनको केन्द्र बनेको बताए । भानुका कवितामा श्रमजिविका प्रेरणाका कुराहरु, अधिकारका कुराहरु, उद्यमशिलताका कुराहरु नेपाली आफ्नोपनको स्वाद पाईने बताए। वाल्मिकीकोसंस्कृतकोरामायणलाई नेपाली अनुवाद गरेर प्रख्याती कमाएका भानुले फुटकर कविता, गिरधारीभाटमाथिको लेखन, घाँसीको कुरा, वधुशिक्षा लगायतका सिर्जना गरेको बताए । उनले भने, समस्टिमा भन्नु पर्दा भानुले लोकको हितको कुरा गरेको बताए । कार्यक्रममा कविता वाचनमा सहभागि भएका कविहरुलाई रेडियोका संस्थापक अध्यक्ष विश्वशंकर पालिखे, प्रवन्ध निर्देशक सुनयना पालिखेले मायाको चिनो प्रदान गरे। पालिखेले रेडियो स्थापनासंगै सामाजिक, सांस्कृतिक, साहित्यिक, भाषा, कला र जनजिविकाका सवालहरुलाई उठाईरहेको बताए। उनले भो भने, हामीलाई थाहा छ यो कमाउने क्षेत्र होईन। संचार क्षेत्र सेवामूलक क्षेत्र भएकोले जनताकालाई सुसूचीत गर्न र अफ्ठेरो परेको बेलामा सारथी बन्न कुनै कसर बाँकी नराखेको र भविष्यमा पनि नराखिने प्रतिवद्धता उनको थियो। यसअघि कार्यक्रममा सहभागिहरुलाई कार्यक्रम संयोजक सरु लामिछानेले स्वागत गरेकी थिईन् भने सञ्चालन कञ्चन थापाले गरेकी थिईन्।

# राष्ट्रिय माध्यमिक विद्यालयको हीरक महोत्सवको आयव्यय सार्वजानिकरण

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

राष्ट्रिय माध्यमिक विद्यालय पोखरा-पुरानो टुँडिखेलको हीरक महोत्सव २०८०/०८१ को आर्थिक प्रतिवेदन समीक्षा तथा धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयका प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटाले हीरक महोत्सव २०८०/०८१ का सम्पूर्ण सम्पन्न कार्यक्रमहरुको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष सूर्यप्रसाद सुवेदीले प्रस्तुत गर्नु भएको थियो । उक्त आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै २०८२/०३/२७ सम्म हीरक महोत्सवको कुल आम्दानी ५८९७३३३ र खर्च ५८०१९३२ भई बचत ९५४०१ हरेको जानकारी गराउँनु भयो भने उक्त आर्थिक प्रतिवेदन माथि विद्यालयका लेखापाल तथा हीरक महोत्सव सहकोषाध्यक्ष गीतादेवी अधिकारीले आयव्ययको विस्तृत जानकारी समेत गराउँनु भएको थियो । प्रस्तुत प्रतिवेदनको आयव्यय विवरण लेखापरीक्षण सम्पन्न भएपछि सार्वजानिक गर्ने निर्णय गरी हीरक महोत्सव




कार्यक्रम सम्पन्न गर्न गठित मूल आयोजक समारोह समिति, कार्यसम्पादन समिति लयागत विभिन्न उपसमितिहरु विघटन गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता व्यवस्थापन समितिका अध्यक्ष तथा हीरक महोत्सव मूल आयोवक समारोहका अध्यक्ष रामविक्रम राणाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १ का अध्यक्ष शाहारा प्रधान रहनु भएको थियो। भने उक्त कार्यक्रममा हीरक महोत्सव उपसमितिका संयोजक, समाजसेवी, स्थानिय विभिन्न राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सरोकारवालको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित महानुभावहरुको सुझाव सहित कार्यक्रमको प्रतिवेदन पारित गर्ने निर्णय गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथिले हीरक महोत्सव सम्पन्न गर्नकालागि सहयोग गर्नु हुने सम्पूर्णलाई धन्यवाद दिनु भएको थियो भने कार्यक्रमका अध्यक्षले उठेका जिज्ञासा माथि प्रष्ट पार्दै हीरक महोत्सव कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञाता प्रकट गर्दै कार्यक्रम सम्पन्न गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन विद्यालयका सहायक प्रधानाध्यापक नारायण प्रसाद चापागाईँले गर्नु भएको थियो भने कार्यसम्पादन समितिका उपाध्यक्ष शिव प्रसाद पराजुलीले स्वागत मन्तव्य राख्नु भएको थियो।

# र्‍यान्डम रिडर्समा तीर्थको हिउँको गीतको चर्चा

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

र्‍यान्डम रिडर्स सोसाइटीको ११८ औं नियमित कार्यक्रममा शनिवार साहित्यकार तीर्थ गुरुङको उपन्यास 'हिउँको गीत' को चर्चा गरिएको छ । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै कृति वा विषयमाथि परिचर्चा गर्दै आएको छ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा युवा साहित्यकार त्रिवेणीले रैथाने ज्ञान पद्धतिमा आधारित रहेर कृतिको चर्चा गरे । रैथाने ज्ञान प्रणालीमा ज्ञान सामूहिक हुने बताउँदै त्रिवेणीले हिउँको गीतमा पात्रका माध्यमबाट पारिवारिक सम्बन्धको ज्ञान पनि सँगसँगै बगिरहेको धारणा राखे । उनले हिउँको गीतमा स्थान विशेष



वातावरणीय सम्बन्ध, 'पेब्याक' को परम्परा, मूल्य र मान्यताको परम्परा र जमिनको महत्त्वसम्बन्धी रैथाने विशेषता पाइने जिकिर गरे। "उपन्यासले प्राचीन समाजको सामाजिक द्वन्द्वलाई बेजोड रूपमा पस्किएको छ र एउटा बस्तीको विघटनमा त्यसको भूमिकालाई दर्साएको छ । यो नै उपन्यासको मूल कथानक हो जुन अति सुन्दर तरिकाले स्थापित छ।" त्रिवेणीले भने, "अझ चर्चा गर्नुपर्ने अर्को पक्ष भनेको रैथाने परम्पराको अन्त्यमा औपनिवेशिक शक्तिको हात हुने कुरा हो । संसारभर नै रैथाने परम्परा र पद्धतिको अवसान औपनिवेशिकताको प्रवेशसँगै भएको छ।

त्यो औपनिवेशिकता कुन रूपमा कसरी छिर्छ, त्यो समाजपिच्छे फरक हुन सक्छ तर त्यसले ल्याउने नियति सबै समाजमा एउटै हुन्छ- समाजको विखण्डन र विनाश जो हिउँको गीतमा पनि आएको छ।"

उपन्यासले रैथाने ज्ञान प्रणलीलाई आफूमा समाहित गरेको र उक्त प्रणालीको विघटनमा औपनिवेशिक शक्तिको हातलाई पनि छर्लङ्ग बनाएकाले उपन्यास अब्बल सावित भएको त्रिवेणीको भनाइ छ। कार्यक्रममा उपन्यासकार तीर्थ गुरुङले आफूले उपन्यास आफ्नै व्यक्तिगत जिन्दगीसँग जोडेर लेख्न सुरु गरेको अनुभव सुनाए । मिर्गौलासम्बन्धी रोगबाट पिडित गुरुङले आफ्नै पिताको मिर्गौला प्रत्यारोपण गरेपछि प्राप्त भएको पुनर्जीवनलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गर्ने माध्यमका रूपमा लेखन अघि बढाएको प्रसङ्ग गुरुङले भावुक हुँदै सुनाए। यसअघि पाठशाला (उपन्यास) र आपा क्हार्प (कथा सङ्ग्रह) बजारमा ल्याइसकेका गुरुङले आफ्नै मातृभूमि, मातृभाषा र मातृसंस्कृतिलाई 'पेब्याक' होस् भन्ने हेतुले पनि उपन्यास लेखेको बताए । हालसम्म पाठकको मायाबाट हौसला मिलेको बताउँदै उनले आगामी संस्करणमा पाठकको सुझावलाई ध्यानमा राखेर परिमार्जन पनि गर्ने प्रतिबद्धता जनाए। गुरुङ जातिको उद्गम थलो क्होला राज्यको विकासदेखि विघटनसम्मको कथावस्तु हिउँको गीतमा समेटिएको छ। सचिव नेपालप्रकाश अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा कौशलचन्द्र जिसी, कुमार तामाङ, डा. लक्ष्मीशरण अधिकारी, मेघराज ढकाल, डा. हुमबहादुर गुरुङलगायतले टिप्पणी गरेका थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

**सम्पादकीय**

# अदालतलाई प्रभावित पार्ने काम नगर

सहकारीको रकम अपचलन गरेको आरोपमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनामुक्त गराउन हस्ताक्षर अभियान चलाइएको छ। राजनीतिक प्रतिशोध राखेर थुनामा राखिएको भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीको हस्ताक्षर अभियान देशभर जारी छ। रास्वपाको अदालतको फैसलालाई चुनौती दिएर हस्ताक्षर अभियान सञ्चालन गरेको सिको गर्दै भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका निलम्बित प्रतिनिधि सभा सदस्य तथा पूर्वमन्त्री टोपबहादुर रायमाझीविरुद्ध राजनीतिक प्रतिशोध भएको भन्दै उनको जिल्लामा हस्ताक्षर अभियान थालिएको छ।

नेकपा एमालेका निलम्बित सचिव भएपनि हस्ताक्षर अभियानको अगुवाई भने एमालेले नगरी स्थानीय युवाहरुले गरेका छन्। उनीहरुले एकै मुद्दामा पक्राउ परेका कांग्रेस नेता बालकृष्ण खाडसहितका धेरै व्यक्तिहरु धरौटीमा छाडिएपनि लामो समय रायमाझीलाई प्रतिशोधकै कारण राखिएको दावी उनीहरुको छ। शुक्रबार अर्घाखाँचीको सदरमुकाम शुक्रबारे हाटबजारबाट हस्ताक्षर अभियान थालिएको र यसको नेतृत्व कुनै पार्टीले नगरेको स्थानीय दिपेन्द्र पौडेलले जानकारी दिएका छन्।

'मैले त्यो अभियान देखेको हुँ, त्यहाँ कुनै दलविशेषका व्यक्तिहरुले अगुवाई गरेका छैनन् तर स्थानीयहरु आफै पुगेर हस्ताक्षर गरेको अवस्था छ'। अभियान चलाउनेहरु कसैलाई नचिनिने छन। यो मुद्दामा मुद्दा दर्ता भएलगत्तै एमालेले उनलाई सचिवबाट निलम्बन गरेको छ भने प्रतिनिधि सभाबाट पनि निलम्बनमा छन्। एमाले अर्घाखाँचीका अध्यक्ष पिताम्बर भुसालले अदालतमा विचाराधीन विषयलाई पार्टीले हस्ताक्षर अभियान चलाउने विषय नभएको र नगरेको जिकिर गरेका छन। 'हस्ताक्षर गरेर अदालतले छाड्ने विषय होइन त्यसमा हामी क्लियर छौं, न्यायिक प्रकरणमा त्यसको टुंगो अदालतले नै लगाउने हो'।

जिल्लाबाट भेट्न जानेहरुलाई रायमाझीले आफ्नो रिहाईको लागि एमालेले पहल नगरेको र माओवादीले जसरी पनि भित्रै राख्ने अभियानमा रहेको गुनासो गरिरहेका विषय बाहिर आएको थियो। रायमाझीसहित यो प्रकरणमा जोडिएका दुई दर्जन ०८० असार १ गते कारागार चलान भएका हुन् तर कांग्रेस नेता खाडसहित धेरैजसो उच्चको आदेशमा धरौटीमा छुटेका छन्। अहिले उनको मुद्दा सर्वोच्चमा विचाराधीन छ। अदालतमा विचाराधीन मुद्दालाई हस्ताक्षर गरेर प्रभावित गर्न खोज्नु कानून विपरित हो।न्यायिक पुनरावलोकन हुनुपर्छ भन्न सकिन्छ। राजनीतिक प्रतिशोध राखेर गरिएको हो भने त्यो गलत हो। राजनीतिक प्रतिशोध र अदालतलाई प्रभावित गर्न खोज्ने दुवै गलत हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हरित सडक बनाउँदै महाशिला

**पोखरापत्र संवाददाता**
पर्वत, २८ असार

पर्वतको महाशिला गाउँपालिकाभित्र रहेका सबै सडकलाई हरित सडकका रूपमा विकास गरिने भएको छ।

विकास, वातावरण र पर्यावरणलाई संरक्षण गर्दै हराभर सडक बनाउने उद्देश्यले हरित सडक बनाउन लागिएको हो। पालिकाभित्र रहेको १८३ किलोमिटर सडकका दायाँ र बाँया फलफूल, डालेघाँस र फूलका बिरुवा रोप्न लागिएको महाशिला गाउँपाालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले जानकारी दिनुभयो। उहाँका अनुसार पालिकाभित्रका अधिकांश सडक कच्ची रहेका छन्। जसमध्ये २२ किलोमिटर कालोपत्र तथा ढलान र २३ किलोमिटर सडक सोलिङ गरिएको छ। सडकलाई बाह्रैमास सञ्चालन गर्नका लागि वर्षायाममा बाढी नियन्त्रण गर्न ४० जना स्वयंसेवक समेत परिचालन गरिएको छ।

गत असार १० गते सम्पन्न गाउँसभाले हरित सडकका लागि रु १० लाख बजेट समेत विनियोजन गरेको छ। अपुग बजेट आगामी गाउँसभाबाट संशोधन गरेर विनियोजन गरिने अध्यक्ष भुसालले बताउनुभयो।

गाउँपालिकाले 'एक घर, एक रोजगार' कार्यक्रमअन्तर्गत छनोट गरेका ४०० जना स्वयंसेवक परिचालन गरी सडकका दायाँबायाँ रुखबिरुवा रोपिने उहाँले बताउनुभयो। भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालयसँग पनि डालेघाँस र फलफूलका बिरुवा माग गरिएको र अपुग बिरुवा पालिका आफैँले व्यवस्थापन गरेर रोपिने भएको छ। हरित सडक बनेपछि भूक्षय तथा बाढिपहिरोजस्ता प्रकोप न्यूनीकरण हुने र सडकको सुरक्षा समेत हुने उहाँले बताउनुभयो।

भिरालो र पहाडी क्षेत्र बढी भएको महाशिलामा वर्षायाममा अधिकांश सडकमा बाढीपहिरोको समस्या आउने गरेको छ। दायाँबायाँ रुखहरू रोपेपछि बाढीपहिरोको समस्या न्यूनीकरण हुने अपेक्षा गरिएको अध्यक्ष भुसालको भनाइ छ। "बिरुवा उपलव्ध भएपछि दश/पन्ध्र दिनमै रोपेर सक्छौं- अध्यक्ष भुसालले भन्नुभयो बहुउपयोगी बिरुवा रोप्ने योजना रहेको छ।" महाशिलामा अब नयाँ मार्ग खोल्नुपर्ने अवस्था नरहेकाले पुराना सडकलाई व्यवस्थित गर्ने थालिएको हो।

सङ्घ, प्रदेश र स्थानीय सरकारबाट विनियोजित बजेटले सडक कालोपत्र, स्तरोन्नति, नाली निर्माणलगायतका काम भइरहेकोउहाँकोभनाइछ।जिल्लाको सबैभन्दा सानो पालिकाका रूपमा रहेको महाशिलाले आगामी आर्थिक वर्षको बजेटमा समेत कृषि र पूर्वाधारलाई जोड दिएको छ।

पालिकाले यसअघि बाँझो रहेको जग्गा सदुपयोग गर्नका लागि फलफूलखेती विस्तार गर्दै आएको छ। ओखर, मेकाडेमियानट, तरुल, अम्बा, केरालगायत बाँदरले नष्ट गर्न नसक्ने खालका फलफूलखेती विस्तार गरिएको गाउँपालिकाका उपाध्यक्ष धनशोभा विकले जानकारी दिनुभयो।

# कालिगण्डकीको ९० प्रतिशत पुँजीगत खर्च

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ असार

स्याङ्जाको कालिगण्डकी गाउँपालिकाले ९० प्रतिशत भन्दा बढि पुँजीगत खर्च गर्न सफल भएको छ। आर्थिक वर्ष २०८१/०८२ को वित्तीय प्रगति सार्वजनिक गर्दै कालिगण्डकीले ९० दशमलब ६६ प्रतिशत पुँजीगत खर्च गर्न सफल भएको जनाएको छ।

गाउँपालिकाले पुँजीगत शिर्षकमा विनियोजन गरेको कुल २८ करोड २२ लाख ६६ हजार ७ सय ५० रुपैयाँको ९० दशमलब ६६ प्रतिशतले हुने २५ करोड ५९ लाख ९ हजार ६ सय ९१ रुपैयाँ खर्च गर्न सफल भएको छ।

यस अवधिमा गाउँपालिकाले चालु शिर्षकमा विनियोजन गरेको ४० करोड ४४ लाख ९ हजार २० रुपैयाँमा ८२ दशमलब ५ प्रतिशत अर्थात ३३ करोड ३५ लाख ८० हजार ५ सय ९४ खर्च गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले बताए।

आर्थिक वर्ष २०८१/०८२ मा कालिगण्डकी गाउँपालिकाले ६८ करोड ६६ लाख ७६ हजार ४ सय ७० रुपैयाँको कुल बजेट मध्ये समग्रमा ८५ दशमलब ८४ प्रतिशतले हुन आउने ५८ करोड ९४ लाख ९० हजार २ सय ८५ रुपैयाँ खर्च गरेको सार्वजनिक वित्तीय प्रगतिमा उल्लेख छ।

# 'जबज सामाजिक न्यायका लागि मार्गदर्शन गर्ने चिन्तन हो'

**रासस**
काठमाडौं, २८ असार

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल कम्युनिष्टपार्टी (एमाले)ले अभ्यास गरिरहेको जनताको बहुदलीय जनवाद (जबज) केवल एउटा राजनीतिक सिद्धान्त मात्र नभएर लोकहित, मानव कल्याण र सामाजिक न्यायका लागि मार्गदर्शन गर्ने दार्शनिक चिन्तन हो भन्नुभएको छ।

मदन भण्डारी फाउन्डेसनद्वारा आज यहाँ आयोजित जर्नल विमोचन तथा विमर्श कार्यक्रममा उहाँले जबजका बारेमा उच्च शैक्षिक संस्थाहरूमा अध्ययन, अनुसन्धान र छलफल हुनुपर्ने बताउनुभयो।

पूर्वराष्ट्रपति भण्डारीले राष्ट्रलाई समृद्ध बनाउने र नागरिकलाई सुखी बनाउने महान् लक्ष्यलाई जबजले अघि बढाएको चर्चा गर्दै नेकपा (एमाले) पनि सुखी नेपालीको साझा राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न यो सिद्धान्तअनुसार अविचलित रूपमा लागि परेको धारणा व्यक्त गर्नुभयो।

त्यस अवसरमा पूर्वराष्ट्रपति भण्डारी र नेकपा (एमाले)का उपाध्यक्ष सुरेन्द्रप्रसाद पाण्डेले 'राज्य, समाज र विकास : जबज दृष्टिकोण'को लोकार्पण गर्नुभएको थियो। फाउन्डेसनकी अध्यक्ष उषाकिरण भण्डारीले विमोचित जर्नलले भावी पुस्ताका लागि देशबारे अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि भरपर्दो स्रोतसामग्री हुने बताउनुभयो।

जर्नलका प्रमुख सम्पादक पूर्वपरराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डे हुनुहुन्छ। जर्नलमा १० वटा लेख समावेश छन्।

# क्रिकेटर लामिछानेको सम्मानमा रङ्गशाला बन्दै

**पोखरापत्र संवाददाता**
वालिङ, २८ असार



नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान रहनुभएका क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा स्याङ्जामा क्रिकेट रङ्गशाला बनाउन सुरू गरिएको छ।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ आरुचौरमा जन्मिनुभएका क्रिकेटर लामिछानेको सम्मानमा सोही वडाको थाप्लेमा गाउँपालिकाले रङ्गशाला बनाउन सुरू गरेको हो। गाउँपालिका कार्यालयको लगानी तथा अगुवाइमा स्थानीयहरूको जनश्रमदानसहित रङ्गशाला निर्माण सुरू भएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताउनुभयो। डाँडाको टुप्पो तर समथर रहेको सार्वजनिक गौचरनलाई क्रिकेट मैदान बनाउने गरी चालु आर्थिक वर्ष २०८१/०८२ बाट बनाउन सुरू गरेको उहाँले बताउनुभयो।

"चालु आवदेखि गाउँपालिकाको लागत तथा स्थानीयहरूको जनश्रमदानमा रङ्गशाला बनाउन सुरू गरेका हौँ", उहाँले भन्नुभयो, "अहिले मैदान बनाउने ठाउँलाई सम्याउने काम भएको छ, वर्षा लागेकाले तत्काललाई काम रोकेका छौँ, वर्षा सकिएपश्चात् कामलाई तीव्र गतिमा अगाडि बढाएर सम्पन्न गर्छौं।" समुद्री सतहदेखि १९०७ मिटरको उचाइमा यो ठाउँ रहेको छ।

निर्माणाधीन मैदानलाई 'नाइन्टिन ओ सेभेन अरिना' नाम दिएको उहाँले बताउनुभयो। मैदान बीच भागबाट चारैतिर ४५ मिटर वृत्ताकारमा फैलिएको छ। राष्ट्रियस्तरको मैदानका लागि आवश्यक पर्ने मापदण्डलाई पूरा हुने गरी निर्माण भइरहेको छ।

मैदानमा पीच बनाउनका लागि क्रिकेटसँग सरोकार राख्ने जिल्ला, प्रदेश तथा केन्द्रीय नेतृत्वकर्ता, अनुभवीहरूको परामर्शमा काम भइरहेको छ। अहिले देश तथा विदेशमा आफ्नो र देशको नामलाई परिचित गराउन सफल क्रिकेटर सन्दीपको जन्म यसै ठाउँमा भएकाले उहाँको सम्मान सँगसँगै नयाँनयाँ प्रतिभा उत्पादन गर्नका लागि पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष तिवारीको छ। "क्रिकेट मैदान निर्माणाधीनस्थलबाट झण्डै आधा घण्टाको दूरीमा दक्षिण एसियाकै पहिलो सामुदायिक घरबास (होमस्टे)को रूपमा पहिचान बनाएको सिरुबारी गाउँ रहेको छ", गाउँपालिकाका अध्यक्ष तिवारीले भन्नुभयो, "यस क्षेत्रमा क्रिकेट र पर्यटनलाई सँगसँगै जोडेर अगाडि लैजान सकिने देखिएको छ।"

क्रिकेट मैदान निर्माण सम्पन्न भएसँगै यस ठाउँमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी छ। पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गइरहेको नयाँ नयाँ प्रतिभाको प्रतिभाको खोजी गर्दै प्रतिभा बाहिर ल्याउन सहयोग पुग्ने धारणा गाउँपालिकाका अध्यक्ष तिवारीको छ। उहाँका अनुसार अभ्यासका लागि छुट्टै ठाउँ बनाइने छ।

# पर्वतीय क्षेत्रमा बढ्दै जोखिम, हिमताल विस्फोटको खतरा

**रासस**
काठमाडौं, २८ असार

गत मङ्गलबार बिहान रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आयो। बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना नागरिक बेपत्ता छन् भने सात जनाको मृत्यु भएको छ।

तीस मेगावाट क्षमताको जलविद्युत् आयोजनामा क्षति पुगेको छभने मितेरी पुल बगाएको छ। एक सयभन्दा बढी इलेक्ट्रिक सवारीसाधन बाढीसँगै बगेर गयो भने चीनसँगको व्यापार अवरुद्ध भएको छ। जल तथा मौसम विज्ञान विभाग हिमताल विस्फोटबाटै बाढी आएको प्रारम्भिक निष्कर्षमा पुगेको छ।

विभागका बाढीविज्ञ विनोद पराजुलीले सुप्राग्लेसियर ताल फुट्दा बाढी आएको भन्ने प्रारम्भिक अनुमान गरिएको जानकारी दिनुभयो। "रसुवागढीस्थित नेपाल-चीन सीमाबाट करिब ३६ किलोमिटरमाथि (अक्षांशः २८.४०४३, देशान्तरः ८५.६४६९, समुद्री सतहबाट करिब ५१५० मिटर उचाइ) ल्हेन्दे खोलाको माथिल्लो जलाधार क्षेत्रमा पर्छ। हिमनदीको करिब बीच भागमा विकास भएको सुप्राग्लेसियर ताल (हिमताल) करिब ०.७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको देखिन्छ", उहाँले भन्नुभयो, "अहिले उक्त हिमतालको क्षेत्रफल करिब ०.६० वर्ग किलोमिटरमात्र देखिएको छ। बाढीको घटना हुनुपूर्व र घटना भइसकेपछिको तालको क्षेत्रफलमा परिवर्तन भएको देखाएको छ। अध्ययनले उक्त समयावधिमा तालबाट पानी निकास भएको र त्यसको प्रभाव तालको तलका क्षेत्रमा परेको देखिएको छ।" अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का वैज्ञानिकहरूले पनि चीन-नेपाल सीमाको ल्हेन्दे खोलामा बनेको 'सुप्राग्लेसियर ताल' फुटेर रसुवाको भोटेकोशीमा बाढी आएको पुष्टि गरेका छन्। गत साउन ३२ गते दिउँसो १:३० बजेतिर सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहित आएको बाढीको घटना नसेलाउँदै फेरि रसुवामा आएको बाढीले त्रास फैलाएको छ। थामेमा पनि स्थानीयले यसरी एक्कासी बाढी आउला भन्ने सोचेकै थिएनन्। हेर्दाहेर्दै क्षणभरको बाढीले बगरमा परिणत भएको थामेको दृश्यले जोकोहीको मन पनि भक्कानिन्छ अझैसम्म।

हालैका यी घटना (रसुवाको बाढी र सगरमाथाको थामे क्षेत्रको विस्फोट) नयाँ बनेका साना, सुप्राग्लेसियर तालहरूबाट भएको इसिमोडले पुष्टि गरिसकेको छ। इसिमोडले १९८५ देखि हिमनदी, हिमताल र त्यसमाथिको विपद् अनुगमन गर्दै आएको छ। त्यसबेला सोलुखुम्बुस्थित खुम्बुमा डिजछो ताल फुट्दा जलविद्युत् आयोजना बगाएर झण्डै ३० लाख अमेरिकी डलर बराबरको क्षति भएको थियो।

त्यसपछि इसिमोडले उक्त घटनाको मूल्याङ्कन गर्नुका साथै मेलम्ची, वीरेन्द्र ताल, हुम्ला र भारतको सिक्किमस्थित चामोली, दक्षिण लोनाकमा आएका विपद्को समेत अध्ययन गरेको छ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले जलवायु परिवर्तनका कारण हिउँ पग्लिनु, हिमताल विस्फोट हुनुजस्ता शृङ्खलाबद्ध असरको सुरुआत भएको भन्दै यसको ठूलो क्षति तल्लो क्षेत्रमा पर्न जाने बताउनुभयो। "हालको हिमताल विस्फोटबाट अझ सतर्क हुनुपर्ने र तापक्रम वृद्धिका आधारमा समयमै पूर्वसूचनाका प्रणाली अपनाउन अत्यावश्यक देखिएको छ", उहाँले भन्नुभयो।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्न सक्ने बताएको छ।

युएनडिपी र इसिमोडले संयुक्त रूपमा गरको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ। यी हिमताल जुनसुकै बेला पनि फुट्न सक्ने र नेपालले ठूलो धनजनको क्षति व्यहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। उक्त अध्ययनअनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ।

तिनीहरूमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन्, जसले ठूलो मात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययानले देखाएको छ। प्रतिवेदनले जोखिममा रहेका हिमताल फुट्दा नेपालले विलियन डलरभन्दा बढी वित्तीय क्षति व्यहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि गर्न सक्ने उल्लेख गरेको छ। प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न पनि सुझाव दिएको छ।

# बर्सातका कारण सुनसान बने 'होमस्टे'

पोखरापत्र संवाददाता
बागलुङ, २८ असार

बागलुङमा सबैभन्दा बढी चर्चित छ भकुण्डेको अतिथि सत्कार घरबास (होम-स्टे) खासगरी हिमशृङ्खला अवलोकन गर्न र ग्रामीण जीवनशैलीको अनुभूति गर्न पर्यटक भकुण्डे पुग्ने गर्छन्।

बागलुङ नगरपालिका-१० मा पर्ने उक्त घरबासमा गत जेठ अन्तिम सातासम्म आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल निकै थियो तर वर्षाका कारण सडक बिग्रिँदा यति बेला ती घरबास सुनसान भएका छन्। घरबासमा पाहुना आउन छोडेपछि स्थानीय बारीको काममा व्यस्त छन्। भकुण्डे गाउँका स्थानीयले १५ घरमा घरबास सञ्चालन गरेका छन्। हिउँदको समयमा सडक यात्रा सहज हुँदा पर्यटकको चहलपहल बढ्ने तर बर्खाको करिब चार महिना ठप्प हुने घरबास सञ्चालक यमबहादुर थापाले बताउनुभयो। व्यावसायिक रूपमा सञ्चालन गरेको घरबासमा बाह्रै महिना पाहुना नआउँदा उत्पादन खेर जाने गरेको उहाँको भनाइ छ।



थापाले भन्नुभयो, "बागलुङ बजारदेखि यहाँ (भकुण्डे गाउँ)मा आउने सडक राम्रो हुन्थ्यो भने बाह्रै महिना एकैनासले पाहुना आउने थिए, अलि ठूलो वर्षा हुँदा विस्तिकै सडकमा गाडी गुड्न छोड्छन्, अहिले मान्छेहरू पैदलयात्रा गर्न खासै रुचाउँदैनन्, राज्यले यति सडकलाई व्यवस्थित गरिदिए घरबास सञ्चालनसहित सिङ्गो गाउँलेलाई सामान ढुवानी र यात्रा गर्न सहज हुने थियो।"

अब असोज कात्तिकतिर मात्रै पाहुनाको चहलपहल हुने थापाले बताउनुभयो। यतिबेला घरबास सञ्चालक कोदो रोप्ने, आलु खन्ने काममा लागेको उहाँको भनाइ छ। जिल्ला सदरमुकाम बागलुङ बजारदेखि नजिकै रहेको भकुण्डेमा गाडीमा एक घण्टा र पैदलयात्रा गर्दा करिब साढे एक घण्टामा पुग्न सकिन्छ।

काठेखोला गाउँपालिका-३ धम्जास्थित बेलढुङ्गा सामुदायिक घरबास पनि सुनसान बनेको छ। असार पहिलो सातादेखि पाउना आउन छोडेको सञ्चालक गोपाल श्रीसले बताउनुभयो। अधिकांश पर्यटक सहरी क्षेत्रबाट आउने भन्दै बागलुङ बजारदेखि गाउँसम्म पुग्ने सडक अव्यवस्थित हुँदा पाहुन आउन नसकेको उहाँको भनाइ छ। कात्तिकदेखि जेठसम्म पाहुनाको चाप भई राखे पनि बर्खाको करिब चार महिना बन्द हुने श्रीसले सुनाउनुभयो।

"अहिले पनि धेरै पाहुनाहरू हाम्रो सम्पर्कमा हुनुहुन्छ, आउँछौं भन्नुहुन्छ तर सडकको दूरावस्थाका कारण ल्याउन सकेका छैनौं, गाउँको सडक अप्ठ्यारो छ, यति बेला अर्गानिक तरकारी फल्ने हो, न घरबासमा पाउन आउँछन् र खुवाउन पाइन्छ न बजारमा पठाउन सकिन्छ", श्रीसले भन्नुभयो, "व्यावसायिक रूपमा घरबास सञ्चालन गर्नेहरूलाई बर्खाको तीन/चार महिना घर परिवार चलाउन समस्या हुन्छ।"

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले ग्रामीण क्षेत्रसँग जोडिएका सडकलाई व्यवस्थित गरी बाह्रै महिना सहज रूपमा सञ्चालन गर्ने गरी काम गरिरहेको बताउनुभयो। गाउँपालिकाले घरबासलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रका विकास गर्ने उहाँको भनाइ छ। पालिकाभित्रका अझै कतिपय सडक अप्ठ्यारा रहेको हुँदा क्रमैसँग सुधार गर्दै जाने अध्यक्ष थापाले बताउनुभयो।



डुङ्गा सयर गर्दै पर्यटकः
पोखराको फेवातालमा शनिबार डुङ्गा सयर गर्दै पर्यटक। तस्बिर : हरिराम भेटुवाल/ रासस

# मासुजन्य उत्पादनमा पशुपालक किसानलाई नगद अनुदान

पोखरापत्र संवाददाता
गोरखा, २८ असार

उत्तरी गोरखाको धार्चे गाउँपालिकाले मासु उत्पादन गर्ने किसानलाई नगद अनुदान वितरण गरेको छ।

चालु आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिएको 'मासुजन्य उत्पादन अनुदान कार्यक्रम' अन्तर्गत पालिकाभित्रका ६१ जना किसानलाई रु छ लाख ३०५ बराबरको अनुदान रकम प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिनुभयो। "पालिकालाई मासुमा आत्मनिर्भर बनाउन र मासु तथा मासुजन्य उत्पादनका लागि किसानलाई हौसला प्रदान गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "कार्यक्रममार्फत सानासाना पशुपालक किसानले पनि लाभको अवसर प्राप्त गरेका छन्।"

कार्यक्रमले मासुजन्य उत्पादन वृद्धि मात्र नभई विस्तारै स्थानीय रोजगारी सिर्जनामा समेत टेवा पुग्ने गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ। मासुजन्य उत्पादनका आधारमा अनुदान प्राप्त गर्ने किसानले रु ९०० देखि ५० हजारसम्म नगद अनुदान प्राप्त गरेको गाउँपालिका पशुसेवा शाखाका प्रमुख हर्क कार्कीले जानकारी दिनुभयो। "अनुदानका लागि किसानको गोठमै पुगेर स्थलगत निरीक्षण तथा नापतौल गरेर अनुदान वितरण गरिएको छ", उहाँले भन्नुभयो, "अनुदान कार्यक्रमले किसानमा व्यावसायिक पशुपालनतर्फको आकर्षण बढ्न थालेको छ।" गाउँपालिकाले खसीको मासुमा प्रतिकेजी रु ३०, राँगाको मासुमा रु १५, बङ्गुरको मासुमा रु ४० र बोइलर कुखुराको (३५-४५ दिन उमेरका) प्रतिगोटा रु ७० का दरले नगद अनुदान दिने व्यवस्था गरेको छ। अनुदान प्राप्त गर्ने किसानलाई बैंक खातामार्फत भुक्तानी दिने गरिएको प्रमुख कार्कीले बताउनुभयो। गाउँपालिकाले वडा नम्बर १ का नौ जना, वडा नम्बर २ का २२ जना, वडा नम्बर ३ का एक जना, वडा नम्बर ४ का तीन जना, वडा नम्बर ५ का दुई जना, वडा नम्बर ६ का तीन जना र वडा नम्बर ७ का २१ जना किसान लाभान्वित भएका छन्। मासुजन्य उत्पादनमा अनुदान पाएपछि किसान खुसी भएका छन्। "पहिलोपटक आफ्नो मेहनतको मूल्य पाइएको छ", स्थानीय किसान हीरामाया गुरुङले भन्नुभयो, "नगद अनुदान कार्यक्रमले हामीजस्ता साना किसानलाई ठूलो हिम्मत दिएको छ।" गाउँपालिकाले आगामी आर्थिक वर्षका लागिसमेत मासुजन्य उत्पादन अनुदानका लागि बजेट विनियोजन गरेको उहाँले बताउनुभयो। किसानलाई पशुपालनमा आत्मनिर्भरता र व्यावसायिकता अभिवृद्धि गर्ने योजना बनाएको जनाएको छ।

# लोघेकर दामोदरकुण्डमा घरको मौलिकता जोगाउन तोकियो मापदण्ड

पोखरापत्र संवाददाता
मुस्ताङ, २८ असार

मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाले परम्परागत घरको मौलिकता जोगाउने भन्दै मापदण्ड तोकिएको छ।

गाउँपालिका अध्यक्ष लोप्साङछोम्फेल बिष्टले गाउँपालिकाभित्रका ढुङ्गा र माटोले बनेका परम्परागत घरहरूको मौलिक संस्कृति जोगाउन पालिकाले आफ्नो नीति तथा कार्यक्रममा राखेर मापदण्ड तोकिएको जानकारी दिनुभयो। पछिल्लो समय आफूखुसी घर निर्माण गर्दा मौलिकता मासिएको भन्दै घर निर्माणमा निश्चित



मापदण्ड तोक्नु परेको उहाँले बताउनुभयो। गाउँपालिकाले कुनै व्यक्ति वा समुदायले घर तथा भवन निर्माण गर्दा भित्तामा सेतो र घरको छत (बोर्डर), झ्याल, ढोकाको रङ कालो हुनुपर्ने नियम बनाएको छ।

यो नियम पालना नगरिए त्यस्ता व्यक्तिलाई कारबाही गरि नेसमेत गाउँपालिकाले जनाएको छ। "जिल्लाको पहिचान नै यहाँका ढुङ्गा र माटोले निर्मित परम्परागत घरहरू हुन्। पछिल्लो समय आधुनिकताका कारण त्यही पहिचान मासिँदै गएको छ। त्यसैले नियम लागू गर्नुपरेको हो", अध्यक्ष बिष्टले भन्नुभयो। नियम पालनाका लागि पालिकाले आर्थिक अवस्था कमजोर भएका गरिब तथा विपन्न वर्ग लक्षित अनुदानको व्यवस्थासमेत गरेको छ। "हामीकहाँ गुम्बाको रङ रातो र पहेँलो, व्यक्ति र समुदायका घर सेतो र कालो हुन्छ", उहाँले भन्नुभयो, "त्यही पुरानो संस्कृति संरक्षण हुनुपर्छ भनेर यस्तो निर्णय गरेका हौँ। क्षमता नभएकालाई सहयोगको नीति पनि छ। पक्कै यसले प्रोत्साहन गर्नेछ।" यहाँ तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङसम्मका ९६ वटै गाउँबस्तीका घरको भौतिक संरचना ढुङ्गा र माटोले निर्मित छन्।

यहाँ सदियौँदेखिको घरका छतमाथि लस्करै दाउरा पाँजेर राख्ने प्रचलन छ। पछिल्लो समय यहाँ कङ्क्रिटका घर निर्माण हुने क्रम बढ्दो छ।

# कालीगण्डकीको पानी सुन्दरचौरमा

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असार

म्याग्दीको बेनी नगरपालिका-१ लामगरास्थित कालीगण्डकी नदी किनारबाट 'लिफ्ट' प्रविधिमार्फत पानी तानेर सुन्दरचौरमा उकालिएको छ।

खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत सञ्चालित रत्नेचौर 'लिफ्ट' खानेपानी योजनामार्फत कालीगण्डकी किनारमा रहेको इनारबाट सुन्दरचौरमा निर्माण भएको २५ हजार लिटर क्षमताको रिजर्भ ट्ङ्याकीमा पानी पुऱ्याइएको हो।

दश मिटर गहिरो इनारमा २५ हर्स पावर क्षमताको पम्प जडान गरेर २५० मिटरमाथि सुन्दरचौरको ट्ङ्याकीमा पानी तान्ने कार्यको शुक्रबार परीक्षण सफल भएको डिभिजन प्रमुख झलकमोहन ओझाले बताउनुभयो। विद्युतीय उपकरणको सहायताले सात सय ५० मिटर लामो पाइपलाइनमार्फत कालीगण्डकीबाट प्रतिसेकेण्ड पाँच लिटरका दरले पानी आपूर्ति भएको छ। सुन्दरचौरको ट्ङ्याकीबाट थप १०० मिटरमाथि उपल्लाचौरको डहरेमा रहेको इन्टेकमा पुग्ने पानी दुईतर्फ वितरण गर्ने संरचना तयार भएको छ।

रत्नेचौरमा खानेपानी आपूर्ति गराउन ६५ हजार लिटर क्षमताको रिजर्भ ट्ङ्याकी र सालघारी र उपल्लाचौरमा पानी वितरणका लागि डहरेदेखि थप १०० मिटरमाथि सालघारीमा निर्माण भएको २५ हजार लिटर क्षमताको अर्को ट्ङ्याकीमा पानी आपूर्ति गराउने संरचना निर्माण भएको छ।

एक हजार ७०० मिटर मुख्य र १७ किलोमिटर शाखा पाइपलाइन तथा २३३ घरमा धारा निर्माण भइसकेको छ। दुई तहको पानी तान्ने उपकरण, विद्युतीकरण र धारा जडान सकेर आगामी असोजमहिनादेखिरत्नेचौरवासीको घरघरमा खानेपानी वितरण गर्ने तयारी भएको उपभोक्ता समितिका अध्यक्ष रत्नबहादुर खत्रीले बताउनुभयो। रत्नेचौरमा विसं २०३५ मा निर्माण भएको खानेपानी आयोजना जीर्ण र अव्यवस्थित भएको थियो। जीर्ण संरचना र मुहान सुक्दै गएकाले पर्याप्त पानी आपूर्ति हुन सकेको थिएन। विसं २०७६ असार २४ गते ठेक्का सम्झौता गरेको प्राकृतिक-प्रदीप जुम्ली जेभीले हालसम्म रु दुई करोड ३० लाखमा आयोजनाको भौतिक संरचना निर्माणको काम अन्तिम चरणमा पुऱ्याएको छ। विद्युत् जडान, खानेपानी धाराका सामग्री खरिदसहित हालसम्म रु तीन करोड १८ लाख खर्च भएको योजना सम्पन्न गराउन आगामी आर्थिक वर्षमा रु ३५ लाख बजेट विनियोजन भएको छ। मुहानको समस्या र निर्माण व्यवसायीको ढिलासुस्तीले थलिएको योजनालाई जनप्रतिनिधि, उपभोक्ता, कार्यालयको पहलमा लयमा फर्काएर सम्पन्न हुने चरणमा पुगेको वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो।

# नेपाल-चीन मितेरी पुल बगाउँदा कैलाश मानसरोवर जाने यात्रु समस्यामा

रासस
काठमाडौं, २८ असार

पर्वतीय पर्यटक व्यवसायीहरुको छाता संस्था ट्रेकिङ एजेन्सीज् एशोसियसन अफ नेपाल (टान)ले नेपाल चीन मितेरी पुल बगाउँदा कैलाश मानसरोवर जाने तीर्थयात्री समस्यामा परेको बताएको छ।

टानका महासचिव सोनाम ग्याल्जेन शेर्पाले एक विज्ञप्ति जारी गरी गत मङ्गलबार विहान लेहेन्दे खोलामा आएको बाढीका कारण पुल बगाउँदा कैलाश मानसरोवर जाने यात्रीहरु समस्यामा परेको बताउनुभएको हो। टानले मितेरी पुल बगाउँदा रसुवागढीबाट सडक मार्ग हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतको कैलाश मानसरोबर यात्रामा जाने नेपाली, विदेशी तीर्थयात्री तथा पर्यटकहरु तिब्बत प्रवेश गर्नबाट वञ्चित हुनुपरेको भन्दै तत्काल चीन सरकारसँग कुटनीतिक पहल गरी तातोपानी, कोरोला, हिल्सालगायतका नाकाबाट मानसरोवर जाने वातावरण मिलाउन आग्रह गरेको छ। टानका अध्यक्ष सागर पाण्डेले कैलाश मानसरोवर यात्रा गर्ने सिजनको मुखमै चीनको स्वशासित क्षेत्र तिब्बत प्रवेश गर्ने तीर्थयात्री तथा पर्यटकलाई सहज रुपमा भिसा उपलब्ध गराउन गराउन समेत सरकारसँग माग गर्नुभयो। उहाँले नेपालस्थित चिनियाँ राजदूतावाससँग कुटनीतिक पहल गरी भिसा प्रक्रियालाई छिटो, छरितो र यात्रुमैत्री बनाउन र काठमाडौंमा कुरेर बसेका तीर्थयात्रीलाईछिटोभन्दाछिटो कैलाश यात्रा गर्न पाउने वातावरण बनाउनका लागि पहल गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्नुभयो। टानले बाढीबाट मृत्यु भएकाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै हराएकाको चाँडो खोजी गर्नसमेत सरकारको ध्यानाकर्षण गराएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
१९९८/०२/०७ गते

स्वर्गारोहणः
२०८२/०३/१८ गते

स्व. तुलाराम थापा मगर

यस रेडियो नेपाल कर्मचारी युनियन, इकाई समिति पोखराका अध्यक्ष श्री गोविन्द थापा सिंजालीका पिता **तुलाराम थापा मगर** को ८४ वर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिको अवसरमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परवारजनप्रति गहिरो समवेदना अर्पण गर्दछौं।

**रेडियो नेपाल कर्मचारी युनियन,**
**इकाई समिति पोखरा परिवार**